# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

सू. नं. २६

मिति : २०८१/०७/०७

**सुधारिएको चुलो वितरण सम्वन्धी सूचना !!**

प्रस्तुत विषयमा Improved Cook Stoves program of Activities Under Gold Standard Nepal अन्तर्गत SSM नामको उच्च क्षमता भएको सुधारिएको चुलो वितरण परियोजना कार्यान्वयनका लागि इको एण्ड ग्रिन लिभ्स रिसर्च कन्सल्टेन्सी प्रा.लि. ले यस पञ्चकन्या गाउँपालिकाभित्र करिब १०००(एक हजार) थान सुधारिएको चुलो वितरण कार्यक्रम सञ्चालन गर्ने हुदाँ चुलो आवश्यक नागरिकहरुले तपशिल बमोजिमको कागजात तथा शुल्कसहित सम्बन्धित वडा कार्यालय तथा परियोजना सहजकर्तालाई सम्पर्क गर्नुहुन सम्पूर्ण पञ्चकन्या गाउँपालिका भित्रका नागरिकहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजात/शुल्क**

नागरिकताको फोटोकपी- १ थान

शुल्क प्रति चुलो रु ५०० (अक्षरुपी पाँच सय)

**परियोजना सहजकर्ता**

नामः श्री ससिला कार्की

सम्पर्क नं. : ९८६०५८५८८५

*नोट : थप जानकारीको लागि आफ्नो सम्बन्धित वडा अध्यक्ष/वडा कार्यालय तथा परियोजना सहजकर्तालाई सम्पर्क गर्नुहुन अनुरोध छ। साथै चुलो वितरणको लागि घरधुरी छनौट मापदण्ड यसै सूचना साथ संलग्न गरिएको छ।*

तेज बहादुर तामाङ

अध्यक्ष

# चुलो वितरणको लागि घरधुरी छनोट मापदण्ड

१.खाना पकाउने ऊर्जाको रुपमा दाउरामा निर्भर रहेको र कार्यक्रमले तोकेको न्युनतम शुल्क तिर्न र नियमित पकाउन ईच्छुक घरधुरी हुनु पर्ने छ ।

२.पछाडि परेका, गरिव तथा अति गरिव, वृद्ध-वृद्धा, एकल महिला र अपाङ्गता भएका घरधुरीलाई विशेष प्राथमिकता दिनु पर्ने छ ।

३.सिलिण्डर ग्याँस (LPG) प्रयोगकर्ताको हकमा वार्षिक बढिमा २ वटा मात्र सिलिण्डर प्रयोग हुने घरधुरी हुनु पर्ने छ ।

४.घरमा नियमित खाना खाने परिवार संख्या बढिमा ६ जना सम्म रहेको घरधुरी हुनु पर्ने छ ।

५.सके सम्म दाउरा अभाव भएको र दाउरा संकलन गर्न टाढा जानु पर्ने गाउँ बस्तीहरु छनोट गर्नु पर्नेछ ।

६.कार्यक्रमको निति नियम भित्र रहि चुलोको प्रयोग गर्न प्रतिवद्ध भएका घरधुरी हुनुपर्ने छ।

७.स्थानीय सरकारले आफ्नो लक्षित समुहमा राखेको घरहरु हुनुपर्ने छ ।

८.अन्य कुनै संस्थाको कार्वन परियोजनामा संलग्न नभएको घरधुरी हुनु पर्ने छ ।

९.घरमा बायो ग्याँस, बिद्युतिय चुलो नभएको घरधुरी हुनु पर्ने छ ।